पोखरा महानगरपालिका

स्थानीय राजपत्र

वर्ष २, पोखरा खण्ड २९, प्रमाणित मिति २०७५/११/१०

भाग १

पोखरा महानगरपालिका

आर्थिक ऐन, २०७५ (संशोधित)

प्रस्तावनाः

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नकोलागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छिनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पोखरा महानगरपालिकाले यो संशोधित ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पोखरा महानगरपालिका आर्थिक ऐन, २०७५ (प्रथम संशोधन)" रहने छ ।

(२) यो ऐन नगरसभावाट निर्णय भएको मिति देखि पोखरा महानगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पत्तिकर र भुमीकर (मालपोत)

पोखरा महानगरपालिकाले आ. व. २०७२।०७३ देखि लगाउदै आएको एकीकृत सम्पत्ति करको सट्टामा अनुसुची–१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर र भुमीकर (मालपोत) लगाइने र असूल उपर गरिने छ ।

३. घरजग्गा वहाल करः

पोखरा महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा बहाल आयको १० प्रतिशतका दरले अनुसुची–२ वमोजिम बहालकर लगाइनेर असूल उपर गरिने छ ।

४ सेवाशुल्कः

पोखरा महानगरपालिकाले विभिन्न किसिमका सेवाहरु उपलव्ध गराए वापत अनुसुची–३ बमोजिम सेवा शुल्क लगाउने छ ।

५.दस्तुरः

पोखरा महानगरपालिकाले अनुसुची–४ मा उल्लेख भए बमोजिम विभिन्न किसिमका दस्तुर तथा शुल्कहरु लगाउने छ ।

६. पर्यटक शुल्क

पोखरा महानगरपालिकाले आफ्ने क्षेत्र भित्र अनुसूची–५ अनुसार तोकिएको स्थानहरुमा प्रदेश सभाले निर्धारण गरेको दररेटमा पर्यटक शुल्क लगाउनेछ।

७. विज्ञापन कर:

पोखरा महानगरपालिका क्षेत्रमा विज्ञापनका लागि नगर कार्यपालिकाको निर्णय बमोजिम होर्डिङ बोर्डलाई विस्थापित गरी डिजिटल डिस्प्ले र लाइट बोर्डलाई प्रयोगमा ल्याइने छ। उक्त प्रयोजनका लागि अनुसूचि–६ मा उल्लेख भए वमोजिम विज्ञापन करको लागि कार्यविधि वनाएर लागू गरिने छ ।

८. व्यवसाय कर:

पोखरा महानगरपालिका क्षेत्र भित्र संचालन भएका विभिन्न किसिमका उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसुची–७ मा व्यवस्था भए वमोजिम व्यवसाय कर लगाईने छ। व्यवसाय कर असुली गर्ने सिलसिलामा वैक तथा वित्तीय सँस्था, सुपर मार्केट, डिपार्टमेन्टल स्टोर, सहकारीहरुको हकमा प्रत्येक कारोवार,सामान विशेष स्थलमा कारोवारको आधारमा अलग अगल इकाई मानी व्यवसायको रुपमा दर्ता गरि कर असुली गरिने छ।

९. दण्ड जरिवाना:

(१) पोखरा महानगरपलिकाले आफ्नो क्षेत्र भित्र सडक तथा फुटपाथमा व्यापार व्यवसाय गर्ने, अतिक्रमण गर्ने, जथाभावी फोहोर गर्ने,कानुन र तोकिएको मापदण्ड विपरित भवन निर्माण गर्ने लगायतअन्य कानुनविपरित कार्य गर्ने व्यक्ति र संस्थालाई अनुसुची (८) अनुसार जरिवाना गर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको निर्णयमा चित्त नबुझ्केको व्यक्तिले ३५ दिन भित्र महानगर न्यायिक समिति समक्ष उजुर गर्न सक्नेछ। तत् सम्बन्धमा न्यायिक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१०. मनोरञ्जन कर:

पोखरा मानगरपालिकाले नगर क्षेत्र भित्रहुने मनोरञ्जन सम्बन्धी विभिन्न कार्यक्रम र

शीर्षकहरुमा प्रदेश सभाले निर्धारण गरे बमोजिम तथा यस ऐनको अनूसुचि–९ ले व्यवस्था गरे बमोजिम मनोरञ्जन कर लगाउने छ ।

११. वहाल विटौरी शुल्क :

पोखरा महानगरपालिकाले आफ्नो क्षेत्र भित्रआफूले निर्माण, रेखदेखवा सचालन गरेको हाटबजार पसल वा सार्वजनिक जग्गामा बनेको संरचनाको उपयोग बापत अनुसूची–१० मा व्यवस्था भए वमोजिम वहाल विरौटी शुल्क लगाइ असूल उपर गर्नेछ ।

१२.जडीबुटी , कवाडी र जीवजन्तु करः

पोखरा महानगरपालिकाले आफ्नो क्षेत्र भित्रकुनै व्यक्तिवा सँस्थाले प्राकृतिक जन्य वस्तुहरु जस्तै ऊन, खोटो, जडीवुटी,वनकस, कवाडी माल,प्रचलित कानून बमोजिम निषेधित जीबजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाख, छाला वा यस्तै प्रकृतिको बस्तुको व्यावसायिक उपयोग गरे वापत अनुसुची–११ मा उल्लेख भए वमोजिम जडीबुटी, कबाडी तथा जीवजन्तु कर लगाई आय संकलन गर्नेछ ।

१३.प्राकृतिक स्रोतसाधन करः

पोखरा महानगपालिकाले आफ्नो क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदाबाट उपलब्ध हुने ढुङ्गा, गिट्टी, बालुवा, चुनढुंगार काठ दाउरामा प्रदेश सभाले निर्धारण गरे वमोजिमको कर लगाउने छ ।

१४. सवारी साधनपार्किङ शुल्कः

पोखरा महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलव्ध गराएवापत अनुसुची–११ मा उल्लेख भए वमोजिम पार्किङ शुल्क लगाउने छ ।

१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यस ऐनले व्यवस्था गरेको हकमा यसै ऐन बमोजिम तथा यो ऐन र अनुसूचीमा भएको व्यवस्थाको थप व्याख्या, वर्गिकरण गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि तथा व्यवस्था नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. अन्य व्यवस्था :

महानगरपालिकाले विषयगतशाखा, वडा तथाअन्य कार्यालयवाटसेवाप्रवाहगर्दा सेवाग्राहीले वुझाउनु पर्ने कर, शुल्क, दस्तुरवा जरिवानालाई सेवासँग आवद्ध गरि असुलउपर गर्नुपर्ने छ । तर नागरिकता सिफारिस, व्यक्तिगत घटना दर्ता जस्ता कार्यलाई शुल्क रहित सेवाप्रवाह गर्न वाधा पर्ने छैन ।

१७. यसै ऐन वमोजिम भए गरेको मानिनेः

यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन वमोजिम भए गरेको मानिने छ ।

१८. नियम बनाउन सक्ने :

महानगर कार्यपालिकाले यस विधेयकमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक नियमवाली वनाइ लागु गर्न सक्नेछ ।

१९. यस ऐनमा उल्लिखित व्यवस्था यसै वमोजिम र अन्यमा नेपाल कानुन बमोजिम हुनेछ ।

अनुसुची–१
सम्पति कर र भुमीकर (मालपोत)
(ऐनको दफा–२ सँग सम्वन्धित)

महानगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन आफ्नो क्षेत्रभित्र सम्पत्ति कर र भुमीकर (मालपोत) लगाउन सक्ने अधिकारलाई कार्यान्वयनमा ल्याउन र सम्पत्ति कर र भुमीकर (मालपोत) पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७५को दफा २ बमोजिम महानगर कार्यपालिकाको मिति २०७५ असोज २५ गतेको बैठकबाट निर्णय गरि सम्पति कर र भुमीकर (मालपोत) लागू गरिएको छ। करको दर सम्पति कर र भुमीकर अलग अगल रुपमा लगाइने छ।

सम्पति कर र भुमीकर (मालपोत)
करको दर

क्र.सं.	रु. देखि	रु. सम्म	करको दर
१	०१ देखि	०५ लाख सम्म	१००
२	०५ लाख १ देखि	१० लाख सम्म	२००
३	१० लाख १ देखि	१५ लाख सम्म	३००
४	१५ लाख १ देखि	२० लाख सम्म	४००
५	२० लाख १ देखि	३० लाख सम्म	७००
६	३० लाख १ देखि	४० लाख सम्म	१२००
७	४० लाख १ देखि	५० लाख सम्म	२०००
८	५० लाख १ देखि	७० लाख सम्म	३५००
९	७० लाख १ देखि	१ करोड सम्म	६०००
१०	१ करोड १ देखि	१ करोड २५ लाख सम्म	१२०००
११	१ करोड २५ लाख १ देखि	१ करोड ५० लाख सम्म	१५०००
१२	१ करोड ५० लाख १ देखि	१ करोड ७५ लाख सम्म	१८०००

१३	१ करोड ७५ लाख १ लाख	२ करोड सम्म	२००००
१४	२ करोड १ देखि	२ करोड ५० लाखसम्म	२५०००
१५	२ करोड ५० लाख १ देखि	३ करोड सम्म	३२०००
१६	३ करोड १ देखि	४ करोड सम्म	४२०००
१७	४ करोड १ देखि	५ करोड सम्म	५५०००
१८	५ करोड १ देखि माथी		प्रति हजार रु २

महानगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति कर र भुमीकर (मालपोत कर) को दर तपसीलमा उल्लेख भए वमोजिम अलग अलग हुनेछ। भुमीकर (मालपोत) प्रयोजनको लागि जग्गाको मुल्य निर्धारण गर्दा चालु आर्थिक वर्षमा मालपोत कार्यालय कास्कीले रजिष्ट्रेसन पासको लागि कायम गरेको मुल्यमा ५० प्रतिशत घटाएर हुन आउने मूल्यलाइ आधार मानि सम्पति कर र भुमीकर (मालपोत) लगाइने छ।

संरचनाको मूल्यांकन दर

सम्पत्ति कर प्रयोजनका लागि संरचनाको मूल्यांकन गर्दा प्रति वर्गफुट देहायको दरमा मुल्यांकन गरिनेछ।

क्र. सं.	संरचनाको किसिम	पहिला भएको (रु.)	शंसोधन भएको रकम (रु.)
१	आर.सि.सि. (व्यवसायिक घर)	११००	१५००
२	आर.सि.सि भवन (आवासीय प्रयोजन)	०	१०००
३	व्लक सिमेन्ट जोडाइ	६३५	६३५
४	ढुंङ्गा माटो जोडाइ	५२५	५२५
५	आर.सि.सि. स्ट्रक्चरमा एक्सिलेटर लिफ्ट भएमा	२०००	२५००
६	स्टील फेम स्ट्रक्चर	१८००	२२००

सम्पत्तिको मूल्याङ्कन विधि :

-महानगरपालिका क्षेत्रभित्र कुनै एक व्यक्ति वा संस्थाको नाममा विभिन्न स्थानमा रहेका सम्पत्तिहरूलाई सम्पत्ति

करको लागि अलग मूल्याङ्कन गरिएकिकृतरुपमा कर निर्धारण गरिनेछ।

- भुमीकर (मालपोत) करको लागि कुनै एक व्यक्ति वा संस्थाको नाममा विभिन्न स्थानमा रहेका भूमी वा जग्गाहरुलाई अलग मूल्याङ्कन गरि एकिकृत रुपमा कर निर्धारण गरिनेछ।
- संयुक्त स्वामित्वमा रहेको सम्पत्तिलाई एक व्यक्ति सरह मानी सोही बमोजिम करदाता कायम गरिनेछ। संयुक्त स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य सम्पतिमा जोडिने छैन।
- सम्पत्ति कर, भुमीकर (मालपोत) प्रयोजनका लागि गरिने मूल्याङ्कनको मान्य हुने अवधि तीन वर्षसम्म कायम हुनेछ।
- सम्पत्ति धनीले पहिलोपटक पेस गरेको सम्पत्ति विवरण थपघट भएमा करदाताको सम्पत्तिको मूल्याङ्कन दर संशोधन भएमा त्यस्तो सम्पत्तिको पुनः मूल्याङ्कन गरिनेछ।
- प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन करदाताका नाममा कायम रहेको सम्पत्तिको मूल्याङ्कन गरी कर असुल गरिनेछ।
- भुमीकर मूल्याङ्कन प्रयोजनको लागि जग्गाधनी प्रमाणपूर्जाका आधारमा जग्गाको स्वामित्व तथा क्षेत्रफल आधारमा कायम भएको मुल्यको आधारमा गरिनेछ।
- सम्पत्ति कर मूल्याङ्कन गर्दा संरचनाको क्षेत्रफल र संरचनाले ओगटेको जग्गाको क्षेत्रफलको मूल्यांकन गरी सम्पत्ति कर असुल गरिनेछ।
- संरचनाको मूल्याङ्कन प्रयोजनका लागि नक्सापास प्रमाणपत्रलाई मुख्य आधारका रूपमा लिईनेछ।

  तर नक्सापास नभएका संरचनाको हकमा संरचनाको प्रकार, बनोटको किसिम, आकार, प्रयोग तथा निर्माण मिति करदाताले पेस गरेको विवरणलाई आधार लिन सकिनेछ। सिनेमा हल, ठूला उद्योग, कलकारखाना, सपिङ्ग कप्लेक्स जस्ता संरचनाहरुको हकमा आवश्यकता अनुसार स्थलगत रुपमा नै नापजाँच गरी मूल्याङ्कन गर्न सक्नेछ।

करदाताको सम्पत्ति कर र भुमीकरको मूल्याङ्कनः

- प्रत्येक करदाताको सम्पत्तिको मूल्याङ्कन अनुसूची-८ बमोजिमको मूल्याङ्कन फारामको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले गर्नेछन् । तर, प्रमाणिक सफ्टवेयर प्रयोग गरी सम्पत्तिको मूल्याङ्कन गर्न यसले वाधा पुऱ्याएको मानिने छैन ।
- जग्गाको मूल्याङ्कन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको मूल्याङ्कन दरका आधारमा गरिनेछ ।

  तर, करदाताले पेस गरेको मूल्यांकनको दर सभाले तोकेको न्यूनतम दरभन्दा कम भएमा सभाले तोकेको न्यूनतम मूल्याङ्कन दर अनुसार मूल्याङ्कन गरिनेछ ।
- करदाताले दाखिला गरेको मूल्याङ्कन दरमा सामान्यतया तिन वर्षसम्म कुनै संशोधन गरिने छैन ।

  तर, करदाताले आफ्नो सम्पत्तिको मूल्याङ्कनमा संशोधन गर्न चाहेमा निजको निवेदनका आधारमा कारण मनासिव भएमा महानगरपालिकाले तीन वर्षमा एकपटक सम्म मूल्याङ्कन दर संशोधन गरिदिन सक्नेछ ।
- उपदफा (३) बमोजिम मूल्याङ्कनदर संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम मूल्याङ्कन हदभन्दा कम हुने गरी संशोधन गर्न सकिने छैन ।
- संरचनाको मूल्यांकन प्रयोजनका लागि ह्रास कट्टी गर्दा अनुसूची-९ बमोजिमको दररेट अनुसार गरिनेछ । यसरी ह्रास कट्टी गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई अवशेष मूल्य कायम राखि नब्बे प्रतिशत सम्म ह्रास कट्टी गरिनेछ ।
- साविकमा लगाउदै आएको घरजग्गा कर र एकिकृत सम्पति कर तिर्न वांकीको हकमा भने सोही अनुसारनै मुल्याङ्गन गरि कर असुल गरिने छ ।
- साविक पोखरा उप–महानगरपालिकाका वडाहरु वाहेक थप गरिएका ग्रामीण वडाहरुका सवै प्रकारका पाखो जग्गाहरुमा कृषि प्रयोजनको लागि कृषिक्षेत्रको प्रोत्साहनको स्वरुप ५० प्रतिशतसम्म छुट दिइने छ ।

विवरण पेस नगर्ने करदाताको सम्पत्तिको मूल्याङ्कन सम्बन्धी व्यवस्था :

- कुनै करदाताले आफ्नो सम्पत्तिको विवरण दाखिला नगरेमा महानगरपालिकाले त्यस्ता व्यक्तिलाई विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्नेछ। त्यस्तो आदेश वा सूचनाको जानकारी पत्रपत्रिका, इमेल वा फ्याक्स मार्फत पनि जारी गर्न सकिनेछ। यस्तो आदेश पाएको वा सूचना जारी भएको मितिले बाटोको म्याद वाहेक पैतीस दिनभित्र आफ्नो सम्पत्तिको विवरण दाखिला

गर्नुपर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

- उपदफा (१) बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न दिएको समयावधि भित्र सम्पत्तिको विवरण दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको कर्मचारीले स्थलगत रूपमा बुझि अनुमानित कर तोकी विवरण बुझाउन लिखित आदेश दिन सक्नेछ ।
- उपदफा (२) बमोजिमको आदेश पाएको मितिले पैंतीस (३५) दिनभित्र यथार्थ विवरण पेश गरी जरिवानाका साथै कर रकम चुक्ता गर्ने दायित्व सम्बन्धित करदाताको हुने छ ।
- उपदफा (२) बमोजिमको आदेश पाएको मितिभित्र पनि करदाताले विवरण बुझाई कर दाखिला नगरेमा महानगरपालिकाले निजको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी सेवा बन्द गर्ने वा अन्य कुनै तरिकाले कर असुल गर्न सक्नेछ ।
- सम्पत्तिको मूल्यांकन तथा कर निर्धारण भइसकेपछि सम्पत्ति करको बिजक तयार गरी करदातालाई उपलब्ध गराउनु पर्दछ ।
- सम्पत्ति कर बिजकको पहिलो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराई दोस्रो प्रति सम्बन्धित करदाताको फाइलमा राख्नु पर्नेछ ।
- सम्पत्ति करको बिजक महानगरपालिकाले सम्बन्धित करदातालाई जानकारी गराउन पत्राचार, इमेल, एस.एम.एस. आदिको माध्यमवाट करदाताहरूलाई दिन सकिनेछ ।
- महानगरपालिकाबाट सम्पत्ति करको बिजक तयार भई नसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गर्नु पर्नेछ ।

सम्पत्ती कर असुली सम्बन्धी व्यवस्था

(१) महानगरपालिकाले सम्पत्ति कर संकलनका लागि नगरपालिकाको राजस्व शाखा गठन गरी कार्य गर्नेछ। सम्पत्ति कर सम्बन्धी सम्पूर्ण अभिलेखहरू उक्त शाखा प्रमुखको जिम्मामा रहनेछ ।

(२) सम्पत्ति कर तथा भुमीकर मालपोतको संकलन एउटै नगदी रसिदबाट हुनेछ । नगदी रसिदको पहिलो प्रति सम्बन्धित करदाताको फाइलमा राखि दोस्रो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराउनु पर्नेछ ।

पुरस्कार, छुट, मिनाहा तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था

(१) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको

सम्पत्तिको पुनः मूल्याङ्कनगरी जरिवाना सहितको कर रकम असुल उपर गरिनेछ । यस्तो जरिवाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने कर रकमको प्रति वर्ष ५० प्रतिशतले हुन आउने रकम बराबर हुनेछ ।

कर छूट तथा जरिवानासम्बन्धी व्यवस्था :

(१) महानगरपालिका क्षेत्रभित्रका सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर र मालपोत (भुमीकर)सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र बुझाएमा लाग्ने कर रकममा विस प्रतिशतछुट दिइनेछ । त्यसपछि असार मसान्तसम्म १० प्रतिशत छुट दिइने छ ।

(३) बक्यौता कर भुक्तानी गर्दा देहाय अनुसार जरिवाना लाग्नेछ :

(क) एक वर्षको बक्यौतामा सोको दश प्रतिशतले हुन आउने रकम ।

(ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष पन्ध्र प्रतिशतले हुन आउने रकम ।

(४) पाँच वर्षभन्दा बढी समयको सम्पत्ति कर र भुमकिर मालपोत बक्यौता राख्ने करदातालाई नगरपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा रोक्का राख्न सक्नेछ ।

- सम्पत्ति कर लागु हुनुभन्दा अघिका आर्थिक वर्षको स्थानीय तहले निर्धारण गरेको भूमिकर, मालपोत, घरजग्गा कर र घरजग्गा कर चुक्ता नभएसम्म महानगरपालिकाले सम्पत्ति कर बुझिलिने छैन ।
- उपदफा (१) बमोजिमको कागजात तथा अभिलेख महानगरपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन । तर, कुनै सरकारी निकायबाट सोसम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।
- यसमा उल्लेखित वाहेक अन्य विषयका हकमा सम्पति कर र भुमीकर कार्यविधिमा उल्लेख भएवमोजिम हुने छ ।

अनुसुची–२

वहाल कर

(नियम ३ संग सम्वन्धित)

मिति २०७४ चैत्र मसान्तसम्म संकलन गरिदै आएको २ प्रतिशत पुरानो वक्यौता वहाल करलाई हटाइ चालु आर्थिक वर्ष साउनवाट संकलन गरिएको १० प्रतिशतको वहाल करलाई यथावत कायम गरि संकलन गरिने छ ।

बहाल करको स्रोतलाई महानगरको एउटा मुख्य आम्दानीको स्रोतको रुपमा कर संकलन गर्नको लागि बैज्ञानिक आधारहरु तयार पारी आगामी आर्थिकवाट लागु गरिने छ ।

अनुसूची–४

दस्तुर

(नियम–५ संग सम्वन्धित)

१८	जग्गा सम्माउने प्रति रोपनी रु. उत्खखनवाट निस्किएको सामान वाहीर निकासी नहुने शर्तमा सम्वन्धित वावाट स्वीकृत दिने)	५,०००	५,०००	५,०००

अनुसूची–६
विज्ञापन कर
(नियम–७ संग सम्वन्धित)

पोखरा महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचारप्रसारकोलागि राखिएका होडिङ्ग वोर्ड, तुल व्यानर, फ्लेक्स आदिलाई विस्थापित गरी DIGITAL DISPLAYमा आधारित विज्ञापन नीति तथा कार्यविधि वनाई विज्ञापन कर संकलन गरिने छ ।अन्य विज्ञापनका विषयमा निम्नानुसारका दरहरु कायम गरिएका छन ।

विज्ञापन दररेटहरु

सि. न.	विज्ञापन माध्यम	समय	इकाइ	मुल वजार	सहायक वजार	अन्य क्षेत्र
१	वल पेन्ट,सटर पेन्ट	बार्षिक	बर्ग फिट	३०	२०	१५
२	वाल बाँे,पि.एस.एस वोर्ड	बार्षिक	बर्ग फिट	१५०	१००	५०
३	ए.सि.पि. बोर्ड	बार्षिक	बर्ग फिट	१००	५०	२५
४	सोलार पोल बोर्ड	बार्षिक	गोटा	८०००	५०००	३०००
५	बस विज्ञापन	बार्षिक	गोटा	८०००		
६	बस ब्यानर	प्रति हप्ता				
	प्रति हप्ता		गोटा	१००		
	२ हप्ता		गोटा	२००		
	१ महिना		गोटा	८००		
७	बस स्टप	बार्षिक	गोटा	६००००	४००००	३००००
८	स्वागत गेट	प्रति दिन	गोटा	२०००		
९	सार्वजनिक स्थानको बाँेको वर्गफिट	बार्षिक	बर्ग फिट	२००	१००	७५
१०	एल.इ.डि. स्किन	बार्षिक	गोटा	४०००	३०००	१५००
११	पसल गेट प्रति पसल			१०००		

	१ हप्ता	गोटा	गोटा	१५००		
	२ हप्ता	गोटा	गोटा	३०००		
	१ महिना	गोटा	गोटा	३०००		
१२	ट्याक्सी विज्ञापन	अर्ध बार्षिक	गोटा	३०००		
		बार्षिक	गोटा	५०००		
१३	थ्री डि अक्षर	बार्षिक		२०००	१५००	१०००
१४	ट्राफिक आइल्याण्ड	बार्षिक	गोटा	५००००	४००००	२५०००
१५	मेलामहोत्सव कर	मेला अवधिभर		२५०००		
१६	रेलिङ्ग विज्ञापन	बार्षिक	गोटा	६००	४००	२००
१७	होर्डिङ्ग वोर्ड	बार्षिक	बर्गफिट	२००	१५०	१००
१८	सार्वजनिक स्थानमा प्रचारप्रसार	प्रतिदिन	प्रतिदिन	३०००	२०००	१०००

अनुसूची–७
पेशा/व्यवसाय कर
(नियम–८ संग सम्वन्धित)
थप गरिएका व्यवसायहरुको इजाजत शुल्कहरु

सि.न.	व्यवसायहरु	आर्थिक वर्ष २०७३.०७४	आर्थिक वर्ष २०७४.०७५	आर्थिक वर्ष २०७५.०७६
१	प्याराग्लाईडिङ्ग, अल्ट्राालाइट, बन्जीजम्प, जिप ल्फायर अनूमति वार्षिक दस्तूर	५,५००	१००,०००	२५०००
२	प्याराग्लाईडिङ्ग, अल्ट्राालाइट, बन्जीजम्प, जिप ल्फायर नबिकरण दस्तूर	५,५००	५०,०००	२५०००
३	केवलकार			२५०००
४	कायाकिङ्ग			१००००
५	डूगां व्यवसायी दर्ता वार्षिक प्रति ढुंगावापत			४००
६	घरबास (होमस्टे) संचालनव्यक्तिगत			५,०००
७	घरबास (होमस्टे) संचालन सामुदायिक			१०,०००
८	होमस्टे दर्ता निवेदन दस्तुर			१००
९	स्वीमिङ्गपुल			६०००
१०	वाल उद्यान			८०००
११	कायाक			१००००
१२	गल्फ कोर्ष			१००००

अनुसूची–११
सवारी साधन पार्किङ शुल्क
(नियम–१२ संग सम्वन्धित)

पोखरा महानगपालिकाले आफ्नो क्षेत्रभित्र सबै किसिमका सवारी साधनहरुलाई पार्किङ सुविधा उपलब्ध गराएबापत सवारी साधन पार्किङ शुल्क अनुसुचीमा उल्लेख भएबमोजिम लगाइ कर संकलन गरिनेछ ।

पहिला व्यवस्था

शुल्कहरु	आर्थिक बर्ष २०७३/०७४	आर्थिक बर्ष २०७४/०७५	आर्थिक बर्ष २०७५/०७६
पार्किङ्ग दस्तुर दैनिक न.पा.ले तयार बनाएको बसपार्क)			
क. ट्रक वस जस्ता ठुला सवारी साधनको	२५	२५	२५
ख. माईक्रो वस, मिनिवस जस्ता मझौला ,,	२०	२०	२०
ग. भ्यान, जिप, कार, लेण्रोवर जस्ता साना सवारीको	१५	१५	१५
घ. पावरटेलर, ट्र्याक्टर आदीको	१०	१०	१०
ङ. मोटर साईकल, स्कुटर	१०	५	५

संशोधन

सि. नं	विवरण	मुख्य सकको सवारी कर प्रतिघण्टा	अन्य सकको सवारी कर - प्रतिघण्टा
१	मफौला सवारीसाधन (मिनीवस, माइक्रो वस)	रु ३०	रु २०
२	हलुका सवारीसाधन - कार जिप, भ्यान	रु २०	रु १५
३	मोटरसाइकल, स्कुटर	रु १५ प्रतिदिन	रु १० प्रतिदिन
४	ट्रक, बस आदि		रु ३०
५	संस्थागत टयाक्सीको लागि मासीक रु १०००, संस्थागत मिनीवस, माइक्रोवसको लागि रु १५००		

प्रमाणिकरण मिति : २०७५/११/१० गते
प्रकाशित मिति : २०७६/०१/०५ गते

आज्ञाले
शेषनारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत